स्थानका रोमेलु लुकाकुले २४ गोल प्रिमियर लिग र ला लिगामा गोल्डेन जिताइसकेका छन् ।

लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

## औषधीजन्य मालसामान खरिद गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०२।११)

यस नगरपालिकाबाट आ.ब. २०७७/०७८ का लागी स्वीकृत कार्यक्रम बमोजिम औषधी तथा औषधीजन्य सामग्रीहरु गोप्य सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीबाट निर्धारित शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**सर्तहरु:**

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म रू.१०००।-(पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । गोप्य सिलबन्दी दरभाउपत्र १६औं दिनदिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न निवेदनका साथ औषधी बिक्री गर्ने इजाजतपत्र, आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाण वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू, नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपीहरू संलग्न राख्नु पर्नेछ ।

३) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू १६औं दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाताहरूको वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४) सिलबन्दी दरभाउपत्र साथ धरौटी वापत तपसिलमा उल्लेखित रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं.**१२८०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्रदाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस नगरपालिकाको नाममा जारी गरिएको जमानतपत्र संलग्न राख्नु पर्नेछ ।

५) दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुने छैन । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका दरभाउँपत्रहरू उपर कुनै कारवाही हुने छैन ।

६) औषधी खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरू मात्र खरिद गरिने छ। दरभाउपत्रको महलमा कुन कम्पनीको औषधी तथा औषधीजन्य सामाग्रीहरू आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ । आपूर्ति हुने औषधीहरूको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Lalbandi Mun. या Health institutional supply, not for sell (यो औषधी बिक्रीका लागि होइन) भनी लेखिएको हुनु पर्नेछ ।

७) दरभाउपत्र पेशगर्दा मूल्य अभिबृद्धि कर लाग्ने सामानको हकमा मु.अ.कर समेतको दररेट पेश गर्नु पर्नेछ । दरभाउपत्र पेश गरेको मूल्य यस आ.व.का लागि भएकोले आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्यबृद्धि दिइने छैन ।

८) दरभाउदाताले पुरा ठेगाना, फोन नं., तथा मोवाईल नं. आदि खुलाउनु पर्नेछ । दरभाउपत्र स्विकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोश्रो दरभाउपत्र स्विकृत गरी सम्झौता गरिनेछ ।

९) दरभाउपत्रदाताले खरिद आदेश पाएको १०औं दिन भित्र यस नगरपालिकामा खरिद आदेश अनुसार औषधी तथा औषधीजन्य सामाग्रीहरू दाखिला गर्नु पर्नेछ।

१०) कार्यालयमा औषधी दाखिला हुनआउंदा सम्म १८ महिनाको Expiry Date हुनु पर्नेछ ।

११) कार्यालयसम्म औषधी आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरू दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१२) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१३) खरिद हुने औषधीको विवरण दरभाउपत्र फारमसँग संलग्न गरिएको छ ।

१४) दरभाउपत्र पेश गर्दा औषधी को नमुना अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । नमुना पेश नभएको दरभाउपत्र स्विकार्य हुने छैन ।

१५) यस सूचनामा उल्लेख नभएका अन्य शर्तहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा फोन नं. ०४६-५०१४४४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपसिल :**

| दरभाउपत्र नं. | कार्यको विवरण | लागत अनुमान रू. | धरौटी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| ०९-२०७७/०७८ | औषधीजन्य मालसामान खरिद | ८,४९,०००।- | २२,०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

0). सम्पादक : अनिता साह , सह-सम्पादक : प्रेमनाथ पौडेल (९८४४०४८८४७).
मार साह, कानूनी सल्लाहकार : अतुल घिमिरे
र्लाही ईमेल : nigranitodaydaily@gmail.com, मुद्रण : साहारा अफसेट प्रेस वीरगंज